Date : ..................
फोन/फ्याक्स नं. : ४४६५३६२
इमेल: sahakaribivag@gmail.co

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

# सहकारी विभाग

नयां बानेश्वर, काठमाडौं
(सम्पत्ति शुद्धीकरण निवारण इकाई)

पत्र संख्या :- ०७७/७८
चलानी नं.:- ८८०

मिती: २०७७/०९/२२

श्री सहकारी संस्थाहरु,
देशभरिका सबै।

विषयः- go AML System लागु गर्ने र देहाय वमोजिमको विवरण पठाउने सम्बन्धमा।

सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तिय लगानी निवारण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना (२०७६ -२०८१) को उद्धेश्य नं ६ अन्तर्गत वुदाँ नं ६.३.४ को कार्यान्वयनको लागि २०७८ साउन देखि रु १० करोड भन्दा वढी निक्षेप वा पुँजी भएका वचत तथा ऋणको कार्य गर्ने देशभरिका सहकारी संस्थाहरुले goAML Software System मार्फत नेपाल राष्ट्र वैंक, वित्तीय जानकारी इकाई (FIU) मा STR/TTR को रिपोटिङ्ग गर्नुपर्ने छ। तसर्थ देहाय बमोजिम गर्नु गराउनु हुन सहकारी विभागको मिति २०७७।०९।२२ को निर्णयानुसार अनुरोध छ।

१) सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी सहकारी सङ्घसंस्थालाई जारी गरीएको निर्देशन, २०७४ को दफा १९ र २० वमोजिम सवै सहकारी संस्थाहरुले सीमा कारोवार प्रतिवेदन(TTR), शंकास्पद कारोवार प्रतिवेदन(STR) तोकिएको ढाँचामा नेपाल राष्ट्र वैंक, वित्तीय जानकारी इकाईमा पठाउने। यसरी प्रतिवेदन पठाउदा मिति २०७८ साउन देखि रु १० करोड भन्दा वढी निक्षेप वा पुँजी भएका वचत तथा ऋणको कार्य गर्ने सहकारी संस्थाहरुले goAML Software System मार्फत पठाउने।

२) रु १० करोड भन्दा वढी वचत परिचालन गर्ने, वचत तथा ऋणको कार्य गर्ने सहकारी संस्थाहरुले संस्थाको नाम, ठेगाना , दर्ता नं र कारोवार रकम को विवरण सहितको सूचि सहकारी विभाग र वित्तीय जानकारी इकाई (FIU) मा पठाउने।

३) सबै सहकारी संस्थामा रहेका AML-CFT कार्यान्वयन अधिकारीको नाम, ईमेल र मोवाइल नम्बर सहकारी विभाग र वित्तीय जानकारी इकाईमा पठाउने।

077/09/22
(ईश्वर प्रसाद आचार्य)
शाखा अधिकृत